आज मिति २०७५/२/६ गतेका दिन यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भुपेन्द्रबहादुर चन्दको अध्यक्षतामा कार्यपालिका बैठक बसी तपशिलको उपस्थितीमा तपशिल बमोजिमको निर्णय गरियो ।

श्री भुपेन्द्रबहादुर चन्द, नगर प्रमुख

श्री रेणु आचार्य, उप प्रमुख

श्री नवराज कार्की, वडा अध्यक्ष, वडा नं. १

श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष, वडा नं. २

श्री जीत बहादुर सुनार, वडा अध्यक्ष, वडा नं. ३

श्री महाविर खत्री, वडा अध्यक्ष, वडा नं. ४

श्री प्रेम बहादुर सारु, वडा अध्यक्ष, वडा नं. ५

श्री बलबहादुर खड्का, वडा अध्यक्ष, वडा नं. ६

श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष, वडा नं. ७

श्री पदमबहादुर खत्री, वडा अध्यक्ष, वडा नं. ८

श्री लक्ष्मन राना, वडा अध्यक्ष, वडा नं. ९

श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष, वडा नं. १०

श्री तीलकराम डाँगी, वडा अध्यक्ष, वडा नं. ११

श्री हरिप्रसाद कडेंल, वडा अध्यक्ष, वडा नं. १२

श्री टिकाराम सुवेदी, वडा अध्यक्ष, वडा नं. १३

श्री रमाना दमाई - कार्यपालिका सदस्य

श्री प्रतिक्षा विक - कार्यपालिका सदस्य

श्री खिमकुमारी राना - कार्यपालिका सदस्य

श्री मोतिसरा खत्री - कार्यपालिका सदस्य

श्री भुमीकला सुनार - कार्यपालिका सदस्य

श्री खिम वहादुर कामी - कार्यपालिका सदस्य

श्री शेर वहादर कामी - कार्यपालिका सदस्य

श्री विष्णु खत्री - कार्यपालिका सदस्य

श्री कृष्णप्रसाद खरेल, प्रमुख प्रशासकिय अधिकृत-सचिव

श्री मान वहादुर ठाडा, लेखाअधिकृत (सँहयोगी)

श्री कुलवहादुर खड्का, प्रशासन शाखा (सहयोगी)

**प्रस्ताव नं. १ : सघन शहरी विकास कार्यक्रम सम्बन्धमा ।**

निर्णय नं. १ : यस नगरपालिकाको स्थापनाकालबाट नगरपालिकाको पूर्वाधारहरु(सडक संजाल, सभाहल, बसपार्क, पार्कहरु, मन्दिर, पर्यटकीय स्थल,तरकारी बजारलगायत)को कमी भएको कारण शहरी जनजीवनको अभाससमेत हुन नसकेको परिप्रेक्षमा माथि उल्लेखित संरचना निर्माण गरी यस नगरपालिकाको आकृति सुधार गर्न सघन शहरी कार्यक्रमका लागि सम्बन्धित निकायमा आग्रह गर्नको लागि न.पा. को कार्यपालिका बैठकबाट सर्वसम्मत निर्णय गरियो ।

तपशिल (सघन शहरी कार्यक्रम)

**१) सडक ढल निकास कार्यक्रम (करिब २५ किलोमिटर)**

| क्र.सं. | ढल निकास कार्यक्रम (स्थान) | अनुमानित लाग्ने रकम | कैफियत |
|---|---|---|---|
| १ | छिन्चु बजार | ५ करोड | |
| २ | रामघाट बजार | २ करोड | |
| ३ | जहरे बजार | २ करोड | |
| ४ | झिंनी बजार | २ करोड | |

**२) सभाहल निर्माण कार्यक्रम**

| क्र.सं. | कार्यक्रम (स्थान) | अनुमानित लाग्ने रकम | कैफियत |
|---|---|---|---|
| १ | सभाहल, भेरीगंगा १२ | १५ करोड | |

**३) पार्क तथा पर्यटन विकास कार्यक्रम**

| क्र.सं. | कार्यक्रम (स्थान) | अनुमानित लाग्ने रकम | कैफियत |
|---|---|---|---|
| १ | हरितपार्क, भेरीगंगा १२ | १० करोड | |
| २ | शिद्धबाबा मन्दीर पर्यटकीय स्थल २ नं. | १ करोड | |
| ३ | गिद्धे डाँडा भेरीगंगा ५ | १ करोड | |
| ४ | मनिरामकाँडा भेरीगंगा १ दृष्यावलोकन केन्द्र | ५ करोड | |
| ५ | भेरी बबई डाईभर्सन ड्याम निर्माण स्थल मनोरम पर्यटकीय क्षेत्रम | ५ करोड | |
| ६ | बाग गुफा | १ करोड | |
| ७ | भेरी नदी डाईभर्सन(र्‍याफ्टिङ्ग) | १० करोड | |
| ८ | भेरी बबई डाईभर्सनदेखि गिद्धेडाँडा केबलकार | ५० करोड | |
| ९ | नागेश्वर मन्दीर भेरीगंगा ८ तथा शिव मन्दिर भेरीगंगा ९ | २ करोड | |
| १० | डुमकोट पर्यटकीय स्थल | १० करोड | |
| ११ | बराहडाँडा पर्यटकीय स्थल मिनि | ३ करोड | |

| | | | |
|---|---|---|---|
| | चिडियाखाना १० नं. | | |
| १२ | देउती बज्यै मन्दिर भेरीगंगा १२, ८ | २ करोड | |
| १३ | हर्रे पर्यटकीय स्थल | १ करोड | |
| १४ | चमेरे गुफा भेरीगंगा ४ | १ करोड | |
| १५ | भोटेकालिका भेरीगंगा ६ | १ करोड | |
| १६ | कालिदमारदेखि बराहडाडा केबलकार | २० करोड़ | |

**४) तरकारी बजार व्यवस्थापन कार्यक्रम**

| क.सं. | कार्यक्रम (स्थान) | अनुमानित लाग्ने रकम | कैफियत |
|---|---|---|---|
| १ | तरकारी भेरीगंगा नगरपालिकाभित्र छिन्चु, रामघाट, मैनतडालगायतका बजारमा | २ करोड | |

**५) बसपार्क निर्माण कार्यक्रम**

| क.सं. | कार्यक्रम (स्थान) | अनुमानित लाग्ने रकम | कैफियत |
|---|---|---|---|
| १ | बसपार्क, भेरीगंगा १२ | १० करोड | |
| २ | रामघाट भेरीगंगा ११ | ५ करोड | |
| ३ | मैनतडा भेरीगंगा ९ | ५ करोड | |

**६) प्रदेशस्तरिय रंगशाला निर्माण कार्यक्रम**

| क.सं. | कार्यक्रम (स्थान) | अनुमानित लाग्ने रकम | कैफियत |
|---|---|---|---|
| १ | रंगशाला, भेरीगंगा ८ | २५ करोड | |

**७) खेलकुद स्थल विकास कार्यक्रम**

| क.सं. | कार्यक्रम (स्थान) | अनुमानित लाग्ने रकम | कैफियत |
|---|---|---|---|
| १ | कवर्ड हल, भेरीगंगा १२ वा सम्भावित ठाउँ | १५ करोड | |

**८) प्रतिक्षालय निर्माण कार्यक्रम**

| क.सं. | कार्यक्रम (स्थान) | अनुमानित लाग्ने रकम | कैफियत |
|---|---|---|---|
| १ | प्रतिक्षालय, नगरका मुख्य चौक तथा वडाहरुमा | १२ करोड | |

**प्रस्ताव नं. २ : कार्यविधि पास गर्ने सम्बन्धमा ।**

निर्णय नं. २ : यस नगरपालिकाको लागि आवश्यक पर्ने तपशिल बमोजिमका कार्यविधिहरु आजैको कार्यपालिका बैठकबाट पास गर्ने साथै उक्त कार्यविधिहरुलाई आगामी नगरसभाबाट अनुमोदन गराउने निर्णय गरियो ।

<u>तपशिल</u>

१) भेरीगंगा नगरपालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन २०७५,

२) 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र २०७५

३) करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि २०७५

**प्रस्ताव नं. ३ : योजना संशोधन सम्बन्धमा ।**

निर्णय नं. ३ : यस भेरीगंगा नगरपालिकाको तपशिल बमोजिमका योजनाहरु वडा समितिवाट संशोधनको लागि निर्णयभई आएकाले वडाहरुको योजना संशोधन गरी आगामी नगरसभा बैठकबाट अनुमोदन गराउने निर्णय गरियो ।

<u>तपशिल</u>

१) **वडा नं. ९** को पार्क निर्माणका लागि वडामा विनियोजन भएको एक लाख विश्वकर्मा बाबाको मन्दीर निर्माणमा प्राविधिक इष्टिमेट अनुसार रकम अपुग भएकोले सो आयोजनाको रकम उक्त मन्दीर निर्माणमा रकमान्तर गर्ने निर्णय गरियो ।

२) **वडा नं.११** को नुवाकोटी टोल सरस्वती विद्यालयदेखि हिमाली टोल मिलनचोकसम्मको सडक निर्माण र कच्ची ग्राभेल गर्न नपुग्ने देखिएको साथै उक्त योजनालाई ग्राभेल नगरी कच्ची ट्याक विस्तार गरी योजना परिवर्तन गर्ने निर्णय गरियो ।

३) **वडा नं. ३** को ऐभानलोसे गौजेगैरामा निर्माणका लागि पुल निर्माण गर्ने निर्णयभएपनि सो स्थानमा पुल बनाउन समस्याभएकोले उक्त पुललाई डुंगीखोलाको उपयुक्त स्थानमा निर्माण गर्ने निर्णय गरियो ।

४) **वडा नं. ११** को साविक रामघाट गाविस वडा नं. १ भिमपुरमा निर्माण गर्ने अगुवाटोल पातलेखोला कुलो मर्मत योजनामा हालसम्म पनि जनचासो नदेखिएको हुँदा सागुरे टोलको खानेपानीका लागि भेरी नदीबाट १.५ HP मोटर हाली ३५० मिटर पाइप, टयानेल तार टंकी प्राविधिक सर्भे गरी बजेट परिवर्तन गर्ने निर्णय गरियो । २ लाख

५) **वडा नं. ४** को यस कार्यपालिका बैठकको मिति २०७४/१२ /२३ गतेको कार्यपालिका बैठकको निर्णय नं. १३ मा भूमीकला आमा समूहका लागि ३ लाख रुपैयाँ विनियोजन गरिएको र उक्त रकम सामुदायिक महिला समूह भवन समूहको भवन निर्माण गरिनेभएकाले भूमिकला आमा समूह नामलाई सामुदायिक महिला समूह भवन निर्माण गर्ने भनी निर्णय गरियो ।

६) **वडा नं. ७** को आ.व. २०७४/०७५ को स्वीकृत बजेटबाट लेखभिंनी जाने सडकको कैनपानी सडक निर्माणका लागि रु ५ लाख रकम विनियोजन भएकोमा हाल विविध कारणले सम्पन्न हुन नसक्नेभएकोले कैनपानी दुर्गा मन्दीर निर्माणका लागि १ लाख ७५ हजार, लेखभिंनी सडकबाट कैनपानी जाने गोरेटोबाटो निर्माण ३ लाख २५ हजार रुपैया विनियोजन गर्ने निर्णयभएकोले संशोधन गरियो ।

७) **वडा नं. ८** को कल्भर्ट तर्फको देउतीखोला कल्भर्टको सम्बन्धमा रकम अपुग देखिनेभएकोले सो कल्भर्ट निर्माण नगरी क्र.सं.-५ को देउतीखोला कल्भर्ट निर्माण गर्ने भनी निर्णय गरियो ।

८) **वडा नं.** ४ को कल्भर्टतर्फको क्र.सं. ४ को बाजखोला कल्भर्टतर्फको रकम अपुग देखिएकोले चिउरीखोला कल्भर्ट निर्माण गर्ने भनी आएकोले सो कुरालाई निर्णय गरियो ।

९) **वडा नं.** ७ को सन्दर्भमा विद्युत विस्तारका लागि ३ लाख ५० हजार रकम विनियोजन गरेपनि उक्त योजनालाई काठेघारी गैराटोल कार्कीगाउँ सडक निर्माण गर्ने निर्णय भई आएकोले निर्णय गरियो । साथै सोही वडाको लागि वडागत पार्कका लागि १ लाख रकम विनियोजन भएपनि रकम अभावका कारण गाउँघर क्लिनिक घेरबारमा संशोधन गर्ने निर्णय गरियो ।

१०) **वडा नं.** १२ को वडागत पार्कका लागि विनियोजन रकम मध्ये ४५ हजार छिन्चु खानेपानी मर्मतमा खर्च गरेको र बाँकी ५५ हजारलाई समेत सोही खानेपानी मर्मतका लागि खर्च गर्ने निर्णयभई आएकोले संशोधन गर्ने निर्णय गरियो ।